बैठक संख्याः १०८

मितिः२०८२/०४/०८

समयः दिउसो १ बजे

स्थानः खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय

आज मिति २०८२/०४/०८ गते बिहिबारको दिन दिउसो १ बजे यस खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतमा कार्यापालिका बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङबु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ७ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री उमा बराईली | कार्यपालिका सदस्य | |
| ११ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | श्री सुजन कुमार बुढाथोकी | प्रशासकीय अधिकृत | |
| १६ | श्री चेतनाथ कटेल | लेखा अधिकृत | |
| १७ | दिप कुमार बस्नेत | ईन्जिनियर | |

निर्णय नं. १

खुम्बु पासाङल्हामु गाउँपालिकाको चालु आव ०८२/०८३ को बजेट तथा कार्यक्रम माथि छलफल गरियो । चालु आ.व. मा सञ्चालन हुने सम्पूर्ण योजना तथा कार्यक्रमको कार्यान्वयन गाउँपालिकाले स्वीकृत गरेको वार्षिक खरिद योजना अनुसार कार्यान्वयन गर्न निर्देशन प्रदान गर्ने ।

निर्णय नं. २

खुम्बुपासाङल्हामु गाउँपालिकाको केन्द्र चौरीखर्क जोड्ने डिम दोर्जी शेर्पा पर्यटन सडक अन्तर्गत सुर्के-नासागार-मुसे-चौरीखर्क सडकको ट्रयाक ओपन गर्ने कार्यका लागि सम्मानित दोस्रो गाउँ सभाको १८ औं अधिवेशनबाट रु २२००००००, संघिय सरकार समपुरक अनुदानबाट रु २२०००००० गरी जम्मा रु ४४००००००(चार करोड चालिस लाख) बजेट विनियोजन भएकोमा प्राविधिक शाखाबाट तयार भएको लागत अनुमान अनुसार रू ८,००,००,००० (आठ करोड) को लागि सगरमाथा हाइड्रो प्रालि सँगको समजअदारी अनुसार ५०/५० लागत साझेदारी हुने गरी स्रोत सुनिश्चितता गर्ने । उक्त सडकको ट्रयाक ओपन गर्ने योजना कार्यान्वयन गर्न भौगोलिक विकटताका कारण विस्फोटक पदार्थको समेत प्रयोग गर्नु पर्ने भएको हुँदा उक्त आयोजना चालु आ.व. मा सम्पन्न गर्न नसकिने देखिएकाले वहुवर्षिय योजना स्वीकृत गरी कार्यका लागि आवश्यक पर्ने विस्फोटक पदार्थ उपलब्ध गराउन जिल्ला सुरक्षा समिति सोलुखुम्बु मार्फत सम्बन्धित निकायमा पहल गर्ने र उक्त बिस्फोटक पदार्थ वडा नं. २ मा निर्माणाधिन लुजा खोला जलविधुत आयोजनाले निर्माण गरी नेपली सेनाले प्रयोग गरिरहेको बङ्करमा भण्डारण गरेर प्रयोग गर्ने गरी खरिदको प्रक्रिया अघि वढाउने ।

निर्णय नं. ३

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ मा सञ्चालित श्री खुम्जुङ माध्यमिक विद्यालयको मिति २०८२।०४।०४ को पत्र मार्फत विद्यालयमा कम्प्युटर कक्षा सञ्चालन गर्नका लागि आवश्यक रहेको शिक्षकको लागि तलब माग गरेकोमा चालु आ.व. मा स्वीकृत *गाउँपालिकाबाट थप गरिएका शिक्षक दरबन्दीको तलब भत्ता* शीर्षकबाट खर्च गर्ने ।

निर्णय नं. ४

खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालयको स्वीकृत दरबन्दी अनुसार रित्त रहेका संलग्न विवरण अनुसारको पदहरूमा स्थायी पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश मार्फत प्रदेश लोकसेवा आयोग कोशी प्रदेश, विराटनगरमा लेखि पठाउने ।

निर्णय नं. ५

खुम्बु पासाङल्हामु गाउँपलिकामा चालु आ व ०८२।०८३ को लागि निर्माण सामग्री, ढुवानी दररेट, मेसिनरी तथा उपकरणको भाडा दर र कामदारको ज्याला संलग्न गरी कार्यालयले तयार गरेको गाउँपालिका दररेट स्वीकृत गर्ने ।

निर्णय नं. ६

खुम्बु पासाङल्हामु गाउँपालिकामा पाँच वर्षे गुणस्तरीय शिक्षा कार्यक्रम लागु गर्नका लागि हिमलायन ट्रष्ट नेपाललाई कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने ।

निर्णय नं. ७

खुम्बु पासाङल्हामु गाउँपलिकामा रहेका झोलुङ्गे पुलहरूको मर्मत गर्ने कार्य तत्काल प्रारम्भ गर्ने र उक्त कार्यका लागि गाउँपालिकाको मर्मत संभार कोषबाट खर्च गर्ने ।

निर्णय नं. ८

खुम्बु पासाङल्हामु गाउँपलिका स्थायी ठेगाना भई काठमाण्डौमा बसोबास गर्ने ज्येष्ठ नागरिक, अपाङ्ग नागरिकहरुका लागि सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता लगायतका वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरू उपलब्ध गराउन यहि मिति २०८२ श्रावण २१ गते देखि २३ गते सम्म एकिकृत सेवा शिविर काठमाण्डौं मा सञ्चालन गर्ने ।

निर्णय नं. ९

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ३ टोकटोकमा बाढीबाट गएको पहिरो नियन्त्रण गर्ने कार्यका लागि प्रविधिकले तयार गरेको लागत अनुमान रू २०००००० (बीस लाख) स्विकृत गरी गरी निर्माण उपभोक्ता समितिसँग सम्झौता गर्ने र उक्त योजना कार्यान्वयनका लागि विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने ।

निर्णय नं. १०

खुम्बु पासाङल्हामु गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८१ संसोधन गर्ने ।